नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कालिकोट

# भ्याक्सिनका लागी प्रि-इनरोलमेन्ट गर्ने सम्बन्धी सूचना

राहदानीको लागी आवेदन दिने प्रायःसबै आवेदकहरुले निकट भविष्यमै विदेश यात्रा गर्ने उद्धेश्यले राहदानी बनाउन चाहेको देखिन्छ । पछिल्लो समय कोभिड-१९ महामारीका कारण विदेश यात्रा गर्न क्यु.आर.कोड(QR CODE) सहितको खोप लगाएको प्रमाण पत्र Vaccine Certificate लिएर मात्र विदेश यात्रा गर्न पाइने व्यवस्था प्रायः मुलुकहरुले लागू गर्न थालेका छन । यस्तो अवस्थामा राहदानी, भिसाका अतिरिक्त अन्तराष्ट्रिय मान्यता प्राप्त क्यु.आर.कोड सहितको प्रमाण पत्र नलिई सकेको भए खोप लिनका लागी प्रि- इनरोलमेन्ट गर्न उपयुक्त र सुविधा जनक हुने हुँदा सम्बन्धित आवेदकहरुलाई जानकारी गराईन्छ । नेपाली नागरिकहरुको विदेश यात्रा सहज तुल्याउन र खोप कार्यक्रमको उपयुक्त अभिलेखीकरण गर्नका लागी नेपाल सरकारले vaccine.mohp.gov.np मार्फत प्रि-इनरोलमेन्ट गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

०७८।४।१२

प्रमुख जिल्ला अधिकारी